# पनौती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पनौती, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

**कवाडी मालसामान, जीवजन्तु र बनकस कर संकलन गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**ठेक्का संकेत नं.-PMC/NCB/REV-02/2083-84**

**प्रथम पटक प्रकाशित मिति २०८३।०३।१५**

प्रस्तुत विषयमा पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पनौतीले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आफ्नो अधिकार क्षेत्रको करको दर तोक्ने तथा उठाउने अधिकार स्थानीय तहलाई दिएको छ। उक्त कार्यको लागि पनौती नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा-१० बमोजिम यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी मालसामान र प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला एवं जडिबुटी, बनकसको अनुसूची-८ मा निर्धारित करको दरमा यस बोलपत्रमा तोकिएको शर्तहरुको अधिनमा रहि यस नगरपालिकाको क्षेत्रभित्र कवाडी, जीवजन्तु कर र जडीबुटी बनकसको कर संकलन गर्ने कार्यको लागि राष्ट्रिय स्तरमा E-Bidding बाट ठेक्का बढाबढको माध्यमबाट रितपूर्वक बोलपत्र पेश गर्न बोलपत्र आह्वान सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ। योग्यता पुगेका इच्छुक फर्म वा कम्पनीले देहायको शर्तहरुका अधिनमा रही तोकीएको मिति र समयभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Web Portal www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. बोलपत्रदाताले प्रस्ताव गर्दा नगरपालिकाले तोकेको न्यूनतम अंक मु.अ.कर बाहेक रू.२०,००,०००/-(अक्षरेपी बीस लाख मात्र) भन्दा घटी नहुने गरी रकम कबोल गर्नु पर्नेछ।

२. बोलपत्र सम्बन्धी कागजात बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट download गरी प्राप्त गर्न सकिने छ। सो को लागि रु.३,०००।- (अक्षरेपी तीन हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी निम्न बैंकमा बैंक भौचर भरी सो भौचरको Scanned copy (pdf format) बोलपत्र सम्बन्धी कागजात electronic submission गर्दा संलग्न गरी पेश गर्नु पर्नेछ।

**बोलपत्र फाराम दस्तुर वापतको रकम जम्मा हुने बैंक खाताको विवरण**

| | |
|---|---|
| बैंकको नामः- Nepal Bank Limited | राजस्व शिर्षक नं. १४२१९ |
| खातावालाको नामः पनौती नगरपालिका | राजस्व शिर्षकः अन्य सेवा शुल्क तथा बिक्री |
| खाताको नामः- ग १.१ आन्तरिक राजश्व खाता | खाता नं.: ०९००३००००१००१००००१ |
| कार्यालय कोड नं. ८०३२६४०३३०० | |

३. बोलपत्र फारामसाथ धरौटी बापत मूल्य अभिवृद्धि कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड पनौतीमा रहेको निम्न धरौटी खातामा रकम जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र दाखीला गर्ने अन्तिम मितिले कम्तीमा १२० दिन अवधि रहेको यस कार्यालयको पक्षमा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाको बैंक ग्यारेन्टी (विडवण्ड) लाई Scan गरेर PDF Format मा upload गरी संलग्न गर्नुपर्नेछ। साथै फर्म वा कम्पनीको नविकरण गरिएको इजाजत प्रमाणपत्र, व्यवसाय दर्ता अध्यावधिक प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.२०८१/०८२को करचुक्ता प्रमाणपत्रलाई Scan गरेर PDF Format मा upload गरी मिति २०८३।०४।५ गते दिनको १:००बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट electronic submission गर्नुपर्नेछ।

**धरौटी वापतको रकम जम्मा हुने बैंक खाताको विवरण**

| | |
|---|---|
| बैंकको नामः- Nepal Bank Limited | खातावालाको नामः पनौती नगरपालिका |
| कार्यालय कोड नं. ८०३२६४०३३०० | खाताको नामः- ग ३.१ धरौटी खाता |
| खाता नं.: ०९००३०००००३००००००००१ | |

४. विद्युतिय माध्यमबाट प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८३।०४।५ गते दिनको ठिक २:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन।

५. बोलपत्र पेश गर्ने एवं खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछी कार्यालय खुलेको दिन दिनको १:०० बजे सम्म दाखिला गर्ने तथा सोही दिनको २:०० बजे बोलपत्र खोल्ने समय कायम हुनेछ।

६. कुल कबोल अंकलाई ३ (तीन) किस्ता कायम गरिने छ। पहिलो किस्ता बापत मु.अ.कर समेत कुल कबोल अंकको [illegible] प्रतिशतले हुन आउने रकम सम्झौता हुनु अगावै कार्यालयमा दाखीला गर्नुपर्नेछ। दोश्रो किस्ता र तेश्रो किस्ताको हकमा देहाएको तालिका बमोजिम

CamScanner

रूकम दाखीला गर्नुपर्नेछ। सम्झौतामा उल्लिखित किस्ता रकम समयमानै दाखिला नगरेमा बुझाउनुपर्ने रकममा १०(दश) प्रतिशतका दरले जरीवाना हिसाब गरी जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

| क्र.सं. | किस्ता | किस्ता रकम मु.अ.कर समेत | किस्ता बुझाउनुपर्ने अवधि |
|---|---|---|---|
| १ | प्रथम किस्ता | कुल कबोल रकमको ४० प्रतिशत | सम्झौता गर्दाका बखत |
| २ | दोश्रो किस्ता | कुल कबोल रकमको ३० प्रतिशत | २०८३ पौष मसान्त भित्र |
| ३ | अन्तिम किस्ता | कुल कबोल रकमको ३० प्रतिशत | २०८४ साल जेठ मसान्त भित्र |

७. प्रथम किस्ता बुझाए पश्चात बाँकी हुन आउने रकम (मु.अ.कर समेतको) सम्झौतामा भएको मितिले कम्तिमा १२ महिना म्याद/अवधि भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' वर्गको बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (Performance Bank Guarantee) पेश गर्नुपर्नेछ। बैंक जमानत प्रत्येक किस्ताको अलग/अलग बनाइ समेत पेश गर्न सकिनेछ।

८. बोलपत्र स्वीकृत भई सम्झौता भएपछि सम्झौतामा उल्लेख भएकोमा बाहेक अन्य कुनै किसिमको छुट, मिनाहा वा माफि दिइने छैन।

९. बोलपत्रदाताले BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

१०. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्व:घोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

११. बोलपत्रदाताहरूलाई यस ठेक्का सम्बन्धी कुनै विषयमा जिज्ञासा तथा जानकारी लिनुपरेमा मिति २०८३।०३।२६ गते दिनको १.०० बजे नगर कार्यपालिकाको कार्यालयमा पूर्व बोलपत्र बैठक राखिएको छ।

१२. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारबाही हुने छैन।

१३. नेपाल सरकारको प्रचलित कानुन बमोजम लाग्ने आयकर, मुल्य अभिवृद्धी कर तथा शुल्कहरु प्रस्तावक स्वंयले तिर्नुपर्नेछ। ठेक्का सम्झौता

१४. बमोजिमको बुझाउनुपर्ने मु.अ.करको हकमा किस्ता दाखीला गर्दाका बखत नै किस्ता वापतको रकममा १३ प्रतिशत थप रकम दाखीला गरेको प्रमाण पेश गर्नुपर्नेछ अन्यथा सम्झौताका बखत पेश गरेको बैंक कार्यसम्पादन जमानतबाट रकम जफत गरी मु.अ.कर रकम दाखीला गरिनेछ। ठेक्का सम्झौताभन्दा बढी कर संकलन भएको खण्डमा बढी असुल भएको रकमको नियमानुसारको मु.अ.कर दाखीला गर्ने जिम्मेवारी स्वीकृत बोलपत्रदाता स्वयंको हुनेछ।

१५. सूचनाको शर्त बमोजिम तोकिएको समयभित्र सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता कबुलियत/सम्झौता गर्न नआएमा निजले उक्त ठेक्काका लागि बोलपत्रसाथ राखेको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरीनेछ।

१६. स्वीकृत दररेटभन्दा बढी शुल्क असुल गर्न पाइने छैन। बोलपत्रदाताले कर संकलनका लागि प्रयोग गर्ने रसिद यस कार्यपालिकाको कार्यालयबाट प्रमाणित गरेर मात्र जारी गर्नुपर्नेछ। साथै सहायक राजमार्गमा वा सडकमा ढाँट राखी कर संकलन गर्न पाइने छैन।

१७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१८. जडीबुटी, कबाडी र जीवजन्तु कर संकलन गर्ने सम्बन्धी कार्यको अवधी २०८४ असार मसान्तसम्म कायम हुनेछ।

१९. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा प्रचलित कानुन तथा यस नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ।

२०. जडिबुटी, कवाडी, जीवजन्तु र बनकस करको दर र देहाए बमोजिम रहेको छ।

१. कवाडी मालसामान

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १.१ | फलाम | प्रति के.जी. | २।- |
| १.२ | अन्य धातु (पित्तल, तामा आदि) | प्रति के.जी. | ४।- |
| १.३ | थोत्रिएर काम नलाग्ने मेसिनरी औजार | प्रति के.जी. | २।- |
| १.४ | पोलिथिन पाइपका टुक्रा | प्रति के.जी. | २।– |
| १.५ | सिसा (लिड)को धुलो वा टुक्रा | प्रति के.जी. | ३।– |
| १.६ | काँचको धुलो र टुक्रा | प्रति के.जी. | १।– |
| १.७ | स्टिल | प्रति के.जी. | १।– |
| १.८ | सिलावर(एल्मुनियम) | प्रति के.जी. | १।– |
| १.९ | खाली सीसी (वियर) वोतल सिसाठुलो साइज- | प्रति गोटा | ०।७५ |
| १.१० | खाली सीसी (वियर) वोतल सिसासानो साइज- | प्रति गोटा | [illegible]५० |
| १.११ | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि | प्रति गोटा | [illegible]० |

प्रमुख प्रशासकीय अधिकृत
धनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनौती, कार्यपालाउचोक, बागमती प्रदेश, नेपाल
२०७३

CamScanner

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १.१२ | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल | प्रति गोटा | ०।२५ |
| १.१३ | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जकिन, आदि) | प्रति के.जी | १।- |
| १.१४ | खाली बोराः | | |
| क | ५० के.जी सम्म खाध्यान्न अट्ने प्लाष्टिकका बोरा | प्रति गोटा | ०।५० |
| ख | ५० के.जी. सम्म खाध्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | ०।५० |
| ग | १०० के.जी. सम्म खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | ०।५० |
| १.१५ | तेलको टिन-१० लिटरभन्दा बढी अट्ने ठूलो | प्रति गोटा | २।०० |
| १.१६ | तेलको टिन-१० लिटरभन्दा कम अट्ने सानो | प्रति गोटा | १।०० |
| १.१७ | तेलको थोत्रो टिन | प्रति के.जी . | ०।५० |
| १.१८ | पुरानो ड्रम (प्लाष्टिक) | गोटा | २५।- |
| १.१९ | पुराना कागज (अखबार, न्यूजप्रिन्ट) | प्रति के.जी. | ०।५० |
| १.२० | पुराना अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | १।०० |
| १.२१ | पुरानो ब्याट्री | प्रति के.जी. | २।- |
| १.२२ | जलेको मोबिल | प्रति लिटर | १।- |
| १.२३ | टायर ट्युब | प्रति के.जि. | २।- |
| १.२४ | गार्मेन्टको कपडाको टुक्रा (उनको टुक्रा र कालो कपास समेत) | प्रति के.जी. | ०।५० |

२. प्रचलित कानूनले निषेधित गरे बाहेकका पंछिहरुको प्वाँख तथा मरेका वा मारिएका जीवजन्तुको हाड, सिंग, खुर तथा छाला

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| २.१ | पंछिहरुका प्वाँख (कानूनले निषेधित गरे बाहेकको) | प्रति केजि. | २।- |
| २.२ | हाड (राँगा, भैसी, खसी, बोका, भेडा, च्यांग्राको) | प्रति केजि. | १।- |
| २.३ | सिंग तथा खुर (राँगा, भैसी, खसी, बोका, भेडा, च्यांग्राको) | प्रति केजि. | २।- |
| २.४ | छाला ठूलो (राँगा, भैसीको) | प्रति गोटा | ३०।- |
| २.५ | छाला सानो (राँगा, भैसीको) | प्रति गोटा | १५।- |

३. जडीबुटी तथा बनकस

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| ३.१ | खोटो | प्रति के.जि. | ५।- |
| ३.२ | बनकस, जराजुरी | प्रति ट्रक | रू.२००।- |

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल
२०७३

CamScanner